# ग्रामथान गाउँपालिका

**Gramthan Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय

**Office Of Rural Municipal Executive**

पत्र संख्या : २०८०/०८१
**Ref.No :2080/081**
चलानी नं. :

तेतरिया,मोरङ्ग
**Tetariya,Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province , Nepal**


मितिः- २०८१/०३/०४

**बिषयः- श्रद्धान्जली सभा र शोक बिदा सम्बन्धी सूचना।**

यस ग्रामथान गाउँपालिकाका अध्यक्ष श्री जयप्रकाश गच्छदार थारु अस्वस्थ भई केहि समय विराटनगर स्थित नोबेल शिक्षण अस्पताल विराटनगरमा उपचार पश्चात घरमै स्वास्थ्यकर्मीको निगरानीमा रहनुभएकोमा वहाँको मिति २०८१ साल असार ०३ गते सोमबारका दिन असामयिक निधन भएको हुँदा ग्रामथान गाउँपालिका परिवार मर्माहत र स्तब्ध भएको छ। शोकको यस घडीमा मृतकको आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति गाउँपालिका गहिरो समवेदना प्रकट गर्दछ।

अत्यन्तै सरल र सहयोगी स्वभावका विकासप्रेमी गाउँपालिका अध्यक्ष पालिकाको विकास र समृद्धिमा अहोरात्र क्रियाशिल हुनुहुन्थ्यो। वहाँको निधनले ग्रामथान गाउँपालिकाले असल नेतृत्व गुमाएको छ साथै गाउँपालिकालाई अपूरणीय क्षति पुगेको छ। वहाँले समग्र ग्रामथान गाउँपालिकालाई पुर्याउनु भएको अतुलनीय योगदानको ग्रामथान गाउँपालिका उच्च कदर गर्दछ।

मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्नका लागि मृतकको पार्थिव शरिर आज मिति २०८१ साल असार ४ गते मंगलबार बिहानको ११:०० बजे गाउँपालिकाको प्राङ्गणमा राखिने र त्यसपश्चात शवयात्रा सहित ग्रामथान गाउँपालिका वडा नं. ४ स्थित जुडी खोलामा अन्त्येष्टि गरिने व्यहोरा जानकारी गराईन्छ।

साथै मिति २०८१ साल असार ०४ गते मंगलबार र २०८१ साल असार ०५ गते बुधबारका दिन गाउँपालिका र अन्तर्गतका सम्पूर्ण संघसंस्था र कार्यालयहरुमा शोक बिदा दिईने व्यहोरा निर्णयानुसार जानकारी गराईन्छ।

.................................

**का.बा. अध्यक्ष**